# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

(आर्थिक वर्ष २०६०/६१ को प्रथम छ महिनाको तथ्याङ्कमा आधारित)

**नेपाल राष्ट्र बैंक**

**फाल्गुन २०६०**

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

(आर्थिक वर्ष २०६०/६१ को प्रथम छ महिनाको तथ्याङ्कमा आधारित)


**मुख्य बुँदाहरु**

- आर्थिक वर्ष २०६०/६१ को प्रथम छ महिनामा विस्तृत मुद्रा प्रदाय बढेको छ भने संकुचित मुद्रा प्रदाय घटेको छ।
- बैङ्किग क्षेत्रबाट प्रवाहित कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जाको अनुपातमा उल्लेख्य कमी आएकोले निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात बढेको छ।
- मुद्रा बजारमा ट्रेजरी विलको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको कारोवार तथा नेप्से परिसूचकाङ्क बढेको छ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्च बढेको छ।
- कुल खर्चको तुलनामा गैर-ऋण साधन उच्च दरले वृद्धि भएकोले बजेट घाटा घटेको छ।
- मूल्य सूचकाङ्क विन्दुगत तथा औसत दुवैको आधारमा वृद्धि भएको छ।
- निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा बढेको छ।
- निजी क्षेत्रको विप्रेषण अधिक रहन गएको कारण चालू खाता बचतमा रहेको छ।
- चालु खातामा पर्याप्त बचत रहेकोले शोधनान्तर स्थिति नेपालको पक्षमा रहेको छ।
- कुल विदेशी विनिमय संचिति रु.१ खर्ब २२ अर्ब २४ करोड पुगेको छ जुन ११.३ महिनाको वस्तु आयात र ९.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

**मौद्रिक स्थिति**

गत वर्षको तुलनामा यस वर्षको प्रथम छ महिनामा खुद आन्तरिक सम्पत्ति कम दरले वृद्धि भए तापनि खुद वैदेशिक सम्पत्तिको वृद्धिदर गतवर्ष नकारात्मक रहेकोमा यस वर्ष उत्साहप्रद दरले वृद्धि भएकोले विस्तृत मुद्रा प्रदाय ४.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ५७ अर्ब ६८ करोड पुगेको छ। विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय १.२ प्रतिशतले घटेर रु. ८२ अर्ब ७६ करोडमा झरेको छ। विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप यस वर्ष ७.९ प्रतिशतले बढेर रु. १ खर्ब ७४ अर्ब ९२ करोड पुगेको छ। गत वर्ष आवधिक निक्षेप ५.१ प्रतिशतले बढेको थियो। गत वर्ष बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) १.७ प्रतिशतले घटेकोमा यस वर्ष सो सम्पत्ति ९.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १ अर्ब ५९ करोड पुगेको छ। बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्ष सीमान्त दरले घटेर रु.२ खर्ब २८ अर्ब ३३ करोड पुगेको छ। सो कर्जा गत वर्ष ५.५ प्रतिशतले वृद्धि भएको थियो। गत वर्ष ६.३ प्रतिशतले वृद्धि भएको बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा यस वर्ष ६.१ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ६० अर्ब १२ करोड पुगेको छ। बैकिङ्ग क्षेत्रबाट प्रवाहित कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको

कर्जाको अनुपातमा उल्लेख्य कमी आएकोले निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात बढेको छ ।२०५९ पौष महिनामा ४.१० प्रतिशत रहेको ९१ दिने ट्रेजरी विल्सको औसत ब्याजदर २०६० पौष महिनामा ३.९५ प्रतिशतमा झरेको छ ।





## सरकारी वित्त स्थिति

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार यस वर्ष कुल सरकारी खर्च ५.२ प्रतिशतले वृद्धि भई रु. ३१ अर्ब ९७ करोड पुगेको छ । गत वर्ष यसै अवधिमा कुल सरकारी खर्च ४.८ प्रतिशतले वृद्धि भएको थियो । कुल सरकारी खर्चमध्ये साधारण खर्च गत वर्ष १४.० प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ३.९ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब ५५ करोड पुगेको छ । विकास खर्च गत वर्ष २४.४ प्रतिशतको उच्च दरले घटेकोमा यस वर्ष ७.३ प्रतिशतलले वृद्धि भई रु. ४ अर्ब ८४ करोड पुगेको छ । फ्रिज खर्च गत वर्ष १२.७ प्रतिशतले घटेकोमा यस वर्ष २२.१ प्रतिशतले बढेर रु. १ अर्ब ५८ करोड पुगेको छ ।

आर्थिक वर्ष २०५९/६० मा ५.० प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १४.७ प्रतिशतले बढेर रु. ३० अर्ब ३ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व गत वर्ष ६.० प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १३.६ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ६० करोड पुगेको छ । यस वर्ष आयातमा सुधार आएको कारण राजस्व परिचालनमा पनि तदनुरुप सुधार भएको छ । बाह्य अनुदान गत वर्ष रु. ७५ करोड मात्र प्राप्त भएकोमा यस वर्ष रु.२ अर्ब ७ करोड प्राप्त भएको छ । गैर-बजेटरी आय गत वर्ष रु. १ अर्ब ५५ करोड प्राप्त भएकोमा यस वर्ष ३४.५ प्रतिशतले घटेर रु. १ अर्ब १ करोड मात्र प्राप्त भएको छ ।

कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन (Non-debt creating resources) को वृद्धिदर उच्च रहेकोले बजेट घाटा ५३.८ प्रतिशतले घटेर रु. १ अर्ब ९५ करोडमा सीमित रहेको छ । गत वर्ष यस अवधिमा रु. ४ अर्ब २१ करोडको बजेट घाटा भएको थियो । बजेट घाटा पूर्ति गर्ने क्रममा आन्तरिक ऋणबाट रु. १ अर्ब ३५ करोड र वैदेशिक नगद ऋणबाट रु. ६




अर्ब ६९ करोड गरी जम्मा रु. ८ अर्ब ४ करोड ऋण परिचालन भएको छ । यस रकमबाट सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु.१ अर्ब १५ करोड पूर्ति गरी बाँकी रकम रु. ४ अर्ब ९४ करोड श्री ५ को सरकारको खातामा बचत रहन गएको छ । गत वर्ष यसै अवधिमा रु.२९ करोड बराबरको अधिविकर्ष उपयोग गरिएको थियो ।

**मूल्य स्थिति**

वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर गत वर्ष ३.३ प्रतिशत रहेकोमा यस वर्ष ५.० प्रतिशत पुगेको छ । समुहगत आधारमा गत वर्ष २.७ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क यस वर्ष ४.१ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा ह्रास आएको भए तापनि तरकारी तथा फलफूल (१५.४ प्रतिशत), तेल तथा घ्यू (१०.३ प्रतिशत), रेष्टुराँको खाना (६.० प्रतिशत), माछा, मासु तथा फुल (६.० प्रतिशत) को मूल्यमा बढी चाप परेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्यमा उपरोक्त बृद्धि हुन गएको हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य गत वर्ष ३.८ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ५.९ प्रतिशतले वृद्धि भएको छ । यातायात र संचार उप-समूहको मूल्य १२.७ प्रतिशतले, घरायसी सामानको मूल्य ९.४ प्रतिशतले, शिक्षा तथा मनोरंजन ४.६ र औषधि तथा व्यक्तिगत हेरचाहको मूल्य ३.४ प्रतिशतले बृद्धि भएको तथा अन्य वस्तुहरुको मूल्य पनि सामान्य बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उपरोक्त बृद्धि भएको हो । क्षेत्रगत आधारमा यस वर्ष तराईमा ४.१ प्रतिशतले, पहाडमा ४.४ प्रतिशतले र काठमाडौं उपत्यकामा ६.९ प्रतिशतले मूल्य बृद्धि भएको छ । गत वर्ष यी क्षेत्रहरुमा क्रमशः ४.५ प्रतिशत, २.८ प्रतिशत र १.५ प्रतिशतले मूल्य वृद्धि भएको थियो । तरकारी तथा फलफूल, खाने तेल, माछा, मासु तथा फुल, रेष्टुराँको खाना, यातायात तथा संचार, घरयासी सामान आदिका मूल्य वृद्धिको कारणले गर्दा यस वर्ष मूल्य वृद्धि केही उच्च दरमा हुन गएको हो । गत आर्थिक वर्षको प्रथम छ महिनाको शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको औसत वृद्धिदर ३.१ प्रतिशत रहेकोमा यस वर्ष सो वृद्धिदर ५.३ प्रतिशत पुगेको छ ।


विन्दुगत आधारमा गत वर्ष ०.९ प्रतिशतले ऋणात्मक रहेको राष्ट्रिय थोक मूल्य सूचकाङ्क यस वर्ष ७.० प्रतिशतले बढेको छ । समूहगत आधारमा कृषिजन्य वस्तुहरुको ८.२ प्रतिशतले, आयातीत वस्तुहरुको ७.६ प्रतिशतले र स्वदेशमा उत्पादित

औद्योगिक वस्तुहरुको मूल्य ३.५ प्रतिशतले वृद्धि भएको छ । प्रथम छ महिनाको औसत राष्ट्रिय थोक मूल्य वृद्धिदर गत वर्षको यसै अवधिमा १.३ प्रतिशत रहेकोमा यस वर्ष ४.५ प्रतिशत पुगेको छ ।

**वैदेशिक व्यापार**

बाह्य क्षेत्रतर्फ कुल निर्यात ८.६ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब ५४ करोड पुगेको छ । गत वर्ष निर्यात ९.४ प्रतिशतले घटेको थियो । भारततर्फको निर्यात यस वर्ष १३.५ प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ७१ करोड पुगेको छ । यो निर्यात गत वर्ष १९.२ प्रतिशतले घटेको थियो । अन्य मुलुकतर्फको निर्यात यस वर्ष २.५ प्रतिशतले बृद्धि भई रु. १० अर्ब ८२ करोड पुगेको छ । यस्तो निर्यात गत वर्ष ६.६ प्रतिशतले बढेको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये गरगहना, ऊनी गलैचा, दाल, अलैची, हस्तकालाका सामान र प्रशोधित छालाको निर्यात बढेको भए तापनि ठूलो आयतन भएको तयारी पोशाकको निर्यात ११.४ प्रतिशतले घटेकोले यस वर्ष अन्य मुलुकतर्फको निर्यात कम दरले बृद्धि भएको हो ।

गत वर्ष ८.९ प्रतिशतले वृद्धि भएको कुल आयात यस वर्ष १२.० प्रतिशतले बृद्धि भई रु. ६४ अर्ब ८२ करोड पुगेको छ । भारतबाट भएको आयात गत वर्ष २८.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ९.९ प्रतिशतले बृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात गत वर्ष १०.१ प्रतिशतले घटेकोमा यस वर्ष १४.८ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष भारतबाट मुख्यतया चामल, विद्युतीय उपकरणहरु, टायर ट्यूव, एम.एस. विलेट, फलफूल, तरकारी, नून, दाल, गहुँ, सुर्ती, यातायातका साधन, औद्योगिक रसायन, एम. एस. वायर रड, कोल्ड रोल्ड सिट, अन्य यन्त्र तथा पूर्जा आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुकमेल, सुपारी, धागो, जिंक इंगट, स्टील सीट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, टायर तथा ट्यूव, विद्युतीय सामान तथा उपकरणहरु, कपडा, तयारी पोशाक, श्रृगारका सामान, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, रासायनिक मल, किटनाशक औषधि, कृषि सम्बन्धी उपकरण आदि वस्तुहरुको आयात बढेको छ ।




गत वर्ष २६.३ प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा यस वर्ष १४.३ प्रतिशतले बढेर रु. ३९ अर्ब २८ करोड पुगेको छ । भारतसंगको ब्यापार घाटा गत वर्ष १०४.४ प्रतिशतको उच्च दरले वृद्धि भएकोमा यस वर्ष ७.६ प्रतिशतले बढेको


छ। अन्य मुलुकतर्फको ब्यापार घाटा गत वर्ष १९.७ प्रतिशतले घटेकोमा यस वर्ष २४.३ प्रशितको उच्च दरले बृद्धि भएको छ । परिणामस्वरुप, गत वर्ष ४०.६ प्रतिशत रहेको निर्यात/आयात अनुपात यस वर्ष ३९.४ प्रतिशतमा झरेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ३८.६ प्रतिशत रहेकोमा यस वर्ष ३९.९ प्रतिशत र अन्य मुलुकतर्फको यस्तो अनुपात गत वर्ष ४३.५ प्रतिशत रहेकोमा यस वर्ष ३८.८ प्रतिशत रहेको छ।

**शोधनान्तर स्थिति**

यस वर्षको प्रथम चार महिनामा गत वर्षको सोही अवधिको तुलनामा कुल निर्यात तथा कुल आयात दुवैमा वृद्धि भएको भए तापनि आयातको आयतन तथा वृद्धिदर ठूलो भएको कारण कुल व्यापार घाटा २१.६ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब ८७ करोड पुगेको छ । अघिल्लो वर्ष यसै अवधिमा व्यापार घाटा ४०.१ प्रतिशतले वृद्धि भएको थियो । गत वर्षको तुलनामा सेवा आय १४.५ प्रतिशतले वृद्धि भएको भए तापनि सेवा भुक्तानी पनि ११.५ प्रतिशतले वृद्धि भएकोले वस्तु तथा सेवा क्षेत्रको समग्र घाटा २१.२ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ५ करोड पुगेको छ। त्यस्तै गत वर्षको तुलनामा लगानी आय २१.५ प्रतिशतले घटेकोमा भुक्तानी पनि ७.४ प्रतिशतले घटेकोले वस्तु, सेवा तथा लगानी आय क्षेत्रको समग्र घाटा २१.१ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ७४ करोड पुगेको छ । तथापि यस अवधिमा निजी क्षेत्रको विप्रेषण र विदेशी अनुदानमा उल्लेख्य वृद्धि भएको कारण चालु खातामा रु. १२ अर्ब ७६ करोडको बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. ६ अर्ब ९ करोडको चालु खाता बचत रहेको थियो। वित्तीय खातातर्फ यस वर्ष खुद सरकारी ऋण आप्रवाहमा उच्च दरको ह्रास आएको हुँदा वित्तीय खाता ऋणात्मक रहे तापनि चालु खाता बचत अधिक रहेकोले यस वर्षको पहिलो चार महिनामा रु. १ अर्ब ३ करोडको शोधनान्तर बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. ३ अर्ब ६ करोड बराबरको शोधनान्तर घाटा भएको थियो। मौद्रिक तथ्याङ्क अनुसार गत वर्षको प्रथम छ महिनामा रु. १ अर्ब ४९ करोड शोधनान्तर घाटा रहेको तुलनामा यस वर्षको सोही अवधिमा रु. ८ अर्ब ६२ करोडको शोधनान्तर बचत भएको छ।

**विदेशी विनिमय संचिति**

२०६० पौष मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २२ अर्ब २४ करोड पुगेको छ । यसमध्ये परिवर्त्य संचिति रु. १ खर्ब ११ अर्ब ८२ करोड रहेको छ । २०५९ पौषको तुलनामा परिवर्त्य संचिति ३०.५ प्रतिशतले बढेको छ भने अपरिवर्त्य संचिति ५१.१ प्रतिशतले घटेको छ। गत बर्ष परिवर्त्य संचिति ५.६ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति २३.६ प्रतिशतले घटेको थियो । २०६० पौषमा कुल संचितिमा परिवर्त्य संचितिको अंश ९१.५ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ८.५ प्रतिशत छ। २०५९ पौषमा यस्तो अंश क्रमशः ८०.१ प्रतिशत र १९.९ प्रतिशत थियो । अपरिवर्त्य संचितिको अंश न्यून हुँदै जानुको कारणमा मुख्य रुपमा पेट्रोलियम पदार्थको आयात पूर्णतः अपरिवर्त्य मुद्राको भुक्तानीबाट हुनु रहेको देखिन्छ । विदेशमा रहेका नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेको र निर्यातमा पनि थप सुधार आएकोले यस बर्ष परिवर्त्य संचितिको अंश बढेको हो। अपरिवर्त्य संचितिको अंशमा ह्रास भए तापनि कुल संचितिमा वृद्धि भएको फलस्वरुप चालू आर्थिक वर्षको प्रथम छ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तर ११.३ महिनाको वस्तु आयात र ९.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।




**शेयर बजार गतिविधि**

धितोपत्र बजारमा गत वर्षको तुलनामा यस वर्ष संख्यात्मक तथा रकमगत कारोवारमा वृद्धि भएको छ । कारोवार भएको शेयर संख्या २०५९ पौषको तुलनामा २०६० पौषमा ५१.३ प्रतिशतले बढेर २ लाख ६९ हजार पुगेको छ भने कारोवार रकम ९.३ प्रतिशतले बढेर रु.५ करोड ५७ लाख पुगेको छ । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०५९ पौषको तुलनामा २०६० पौषमा १३.२ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ३५ करोड पुगेको छ । फलस्वरुप विगत महिनाहरुमा क्रमशः घट्दै गएको नेप्से परिसूचकाङ्कमा गत वर्षको पौष महिनाको तुलनामा यस वर्ष १.१५ विन्दु (०.६ प्रतिशत) ले वृद्धि भई २०१.९५ पुगेको छ ।

***